**लिखु गाउँपालिकाको नदीजन्य पदार्थको अमानतबाट कर संकलन गर्ने सम्बन्धी कार्यविधि, २०७७**

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७७।०६।०८

**प्रस्तावना**

लिखु गाउँपालिका भित्रका तादी, लिखु खोला तथा आसपासका खहरेहरुबाट संकलन र उत्खनन् हुने नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदि) को उचित व्यवस्थापन गरी विक्री वितरण गर्न र सार्वजनिक निर्माण कार्यलाई सहज बनाउनको लागि संबन्धित खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) स्वीकृत भई ठेक्का बन्दोवस्त नभए सम्मको लागि लिखु गाउँपालिकाले अमानतबाट कर संकलन सम्बन्धी कार्य गर्नको लागि लिखु गाउँपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७७ को परिच्छेद ८ दफा ५७ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी लिखु गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : १) यस कार्याविधिको नाम **लिखु गाउँपालिकाको नदीजन्य पदार्थको अमानतबाट कर संकलन गर्ने सम्बन्धी कार्यविधि, २०७७** रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) ‘‘अध्यक्ष’’ भन्नाले लिखु गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

ख) ‘‘उपाध्यक्ष’’ भन्नाले लिखु गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ग) ‘‘गाउँपालिका’’ भन्नाले लिखु गाउँपालिका सम्झनु पर्छ ।

घ) ‘‘वडा अध्यक्ष’’ भन्नाले लिखु गाउँपालिकाको वडाध्यक्ष सम्झनु पर्छ ।

ङ) ‘‘मापदण्ड’’ भन्नाले ढुंगा गिटी वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ सम्झनुपर्दछ ।

च) ‘‘नदीजन्य पदार्थ’’ भन्नाले नदी वा नदी किनाराबाट उत्खनन् गरिएको ढुंगा, गिटी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनुपर्दछ ।

३. अमानत बाट कर संकलन सम्बन्धी व्यवस्था : १) गाउँपालिकाले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन बमोजिम ठेक्का वन्दोवस्त नभए सम्मको लागि अमानतबाट प्रचलित दररेटमा कर संकलन गर्नेछ ।

क)प्रदेश आर्थिक ऐनमा तोकिएको दररेट मा १३ प्र.श. मु.अ.कर समेत समावेश गरी कर संकलन गरिनेछ ।

ख) यसरी मु.अ. कर बापत जम्मा भएको रकम प्रत्येक चौमासिकमा नेपाल सरकारको संबन्धित राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

ग) प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको म्याद समाप्त भएको अवस्थामा नयाँ प्रतिवेदन तयार नभए सम्मको लागि तत्काल अघि कार्यान्वयन भएको प्रतिवेदनलाई आधार मानेर क्षेत्र तथा परिमाण निर्धारण गर्न सकिनेछ ।

घ) नदीजन्य पदार्थको उत्खनन् गर्दा श्रममुलक प्रविधिको उपयोग गरी घरेलु हाते औजार (कुटो, कोदालो, सावेल आदि) मात्र प्रयोग गर्न सकिनेछ । मेशिन प्रयोग गर्नुपर्ने अवस्थामा वातावरण संरक्षण ऐन, २०७६ र तत् सम्बन्धी नियमावली, मापदण्ड, प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

ङ) नदीजन्य पदार्थको उत्खनन् र संकलन कार्य विहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म मात्र गर्न सकिनेछ ।

च) नदीजन्य पदार्थ संकलन गर्दा गाउँपालिकाले तोकेको प्राविधिकले गरेको रेखांकनभित्रबाट मात्र गर्नुपर्नेछ ।

छ) उत्खनन्, संकलन र विक्री वितरण कार्यमा बालश्रमको प्रयोग गर्न पाइने छैन ।

ज) उत्खनन् र संकलन कार्यमा संलग्न कामदारहरुले अनिवार्य सुरक्षा सामाग्री लगाई कार्य गर्नुपर्नेछ । सुरक्षा सामाग्री प्रयोग नगरी कार्य गरे वा वर्षात्को समयमा खोलाले बगाई मानवीय क्षति हुन गएमा सो को जिम्मेवार अनुमति प्राप्त समूह र स्वयं कामदार हुनुपर्नेछ ।

झ) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा तोकिएको परिमाण र गहिराई भन्दा बढी उत्खनन् गर्न पाइनेछैन ।

ञ) खोलाको वहाव परिवर्तन हुने गरी नदीजन्य पदार्थको उत्खनन् र संकलन गर्न पाइने छैन ।

४. उत्खनन्, संकलन र विक्री वितरण प्रकृया : १. गाउँपालिका भित्रका तादी, लिखु खोला एवं आसपासका खोल्साहरुबाट बर्षात्को समयमा बगाई ल्याएको ढुंगा, गिटी, वालुवा लगायतका नदीजन्य सामाग्री उत्खनन्, संकलनबाट निस्केको सामाग्री एवं गत वर्षको मौज्दात नदीजन्य सामाग्रीहरुको शुल्क देहाय बमोजिम अशुल उपर गरिनेछ ।

क) वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत भई ठेक्का संझौता नभए सम्मको लागि गाउँपालिकाले अमानतबाटै कर संकलन गर्नेछ ।

ख) कर संकलन गर्दा नाका पहिचान गरी कर्मचारी खटाइनेछ ।

ग) वर्षात्को समयमा बगाइ ल्याएको नदीजन्य पदार्थ उत्खनन् र संकलनको लागि इच्छुक व्यक्तिहरुले संबन्धित वडाको सिफारिस साथ गाउँपालिका समक्ष अनुमतिको लागि निवेदन दर्ता गराउन सक्नेछन् । यसरी निवेदन दिंदा आफुले संकलन गर्न चाहेको क्षेत्र, परिमाण र समय सीमा तोकि अनुमति माग गर्नुपर्नेछ ।

घ) अनुमति माग भएको कागजात पेश भएपछि देहायको समितिबाट उत्खनन् क्षेत्र, उत्खनन् परिमाण, प्राथमिकता समेतको आधारमा आवश्यक जाँचबुझ गरी अध्यक्ष समक्ष अनुमतिको लागि सिफारिस गर्नेछ ।

| | |
|---|---|
| १. गाउँपालिका उपाध्यक्ष | संयोजक |

२. पूर्वाधार विकास शाखा प्रमुख सदस्य

३. वातावरण तथा विपद् व्यवस्थापन इकाई प्रमुख सदस्य सचिव

ङ) उक्त समितिको सिफारिस बमोजिम अध्यक्षले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले तोकेको क्षेत्र भित्र उत्खनन् तथा संकलनको परिमाण, समय अवधि तोकी अनुसूची १ बमोजिमको ढाचामा अनुमति दिन सक्नेछ ।

च) जुन दिन नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरेको हो, सोही दिन विक्री वितरण गर्ने व्यवस्था अनुमति प्राप्त समूहले मिलाउनु पर्नेछ ।

२. राष्ट्रिय गौरवका आयोजना र गाउँपालिकाबाट सन्चालित आयोजनाहरुको हकमा ढुंगा, गिटी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को १२ बमोजिम हुनेछ ।

५. नदीजन्य पदार्थको ओसार पसार सम्बन्धी व्यवस्था : १) संकलन भएको नदीजन्य पदार्थको ओसार पसार गर्ने व्यवस्था अनुमति प्राप्त व्यक्तिले मिलाउनुपर्नेछ ।

२. नदीजन्य पदार्थ ओसार पसार गर्ने सवारी साधनलाई अनुमति प्राप्तकर्ताले अनुसूची २ बमोजिमको निस्सा उपलब्ध गराउनु पर्नेछ । उक्त निस्सा र कर तिरेको रसिद एक प्रति सवारी चालकले सुरक्षित राखी चेक जाँचको समयमा देखाउनु पर्नेछ ।

३. त्यसरी निस्सा र कर तिरेको रसिद नलिई हिडेका सवारी साधनलाई सुरक्षाकर्मीले जाचपड्ताल गरी आवश्यक कारबाहीको लागि गाउँपालिकामा बुझाइदिनु पर्नेछ ।

६. अनुगमन सम्बन्धि व्यवस्था : १. ढुंगा, गिटी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ९ को उपदफा ७ बमोजिम गाउँपालिकामा नदीजन्य पदार्थको उत्खनन्, विक्री र व्यवस्थापन कार्य यस कार्यविधि र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न देहायको स्थानीय अनुगमन समिति गठन गर्ने ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. वडाअध्यक्षहरु | सदस्य |
| ५. प्रमुख प्रशासन, योजना तथा अनुगमन शाखा | सदस्य |
| ६. प्रमुख इलाका प्रहरी कार्यालय, ढिकुरे | सदस्य |
| ७.प्रमुख पूर्वाधार विकास शाखा, लिखु गाउँकार्यपालिकाको कार्यालय | सदस्य सचिव |

७. नियम विपरित गर्नेलाई कारबाही हुने : वातावरण संरक्षण ऐन, २०७६ र तत् सम्बन्धी नियमावली, मापदण्ड, वातावरणीय परिक्षण प्रतिवेदन एवं यस कार्यविधिको विपरित कार्य गर्नेलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

८. अनुसूचीमा हेरफेर गर्न सकिने : यो कार्यविधिमा प्रयोग भएका अनुसूचीमा कार्यपालिकाले आवश्यक हेरफेर गर्न सक्नेछ ।

९. बाधा अड्काउ फुकाउने : यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१०. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा लेखिएका कुराहरु बाहेक अन्य कुराहरुको हकमा वातावरण संरक्षण ऐन, २०७६ एवं प्रचालित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

अनुसूची १

(कार्यविधिको दफा .४(१) ज. संग सम्बन्धित)

लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

इजाजत/चलानी न. मिति :

१. संकलन/उत्खनन् गर्न अनुमति प्राप्त गर्ने को व्यक्ति

नाम : ठेगाना :

सम्पर्क नं.

२. संकलन गर्ने स्थान

ठेगाना :

नदी/खोलाको नाम :

चारकिल्ला

पूर्व : पश्चिम् :

उत्तर : दक्षिण :

लम्बाई : चौडाई :

३. IEE मा उल्लेखित संकलन क्षेत्र :

४. उत्खनन् अनुमतिको परिमाण (घन फिट) :

५. प्रवेश वा निकाशी गर्ने नाका वा स्थानको नाम :

६. निकाशीमा प्रयोग हुने सवारी साधनको विवरण :

७. अनुमति अवधि : मिति ......................... देखि ........................... सम्म (विहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म)

बोधार्थ

श्री ..............................

..................................

(अध्यक्ष)

अनुसुची २

(कार्यविधिको दफा ५(२) संग सम्बन्धित)

**संकलन अनुमति प्राप्त व्यक्तिले भर्ने :**

१. सामान ढुवानी गर्ने साधनको नाम : ........... २. गाडि नं.......................

३. समय : ....... ४. सामाग्रीको परिमाण (घन फिट) :..........

५. सामाग्री लैजाने स्थान : ६. चालकको नाम :

७. लिखु गाउँपालिकाबाट प्राप्त अनुमति पत्रको चलानी नं................ मिति ......................

अनुमति प्राप्त व्यक्तिको नाम :

दस्तखत :

मिति :

सम्पर्क नं.